
# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य आपतकालिन कार्ययोजना २०८२





नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

## जिल्ला प्रशासन कार्यालय
## कञ्चनपुर

## विषय-सूचि


**१. पृष्ठभूमि ........ - 2 -**

*२ उद्देश्यः ........ - 2 -*

**३. प्रस्तावना ........ - 3 -**

*कञ्चनपुर जिल्लाको नक्सा ........ - 3 -*

**४. जिल्लामा शतलहरका घटनाहरु........ - 3 -**

**५.१ शीतलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरुः ........ - 3 -**

*५.२ पहुँचः कञ्चनपुर जिल्लामा विगतका दिनका अनुभवहरुलाई केलाउँदा शीतलहरको समयमा एक ठाउँ देखि अर्को ठाँउसम्म जाँदा निकै कठिन हुने गरेको पाइएको छ। ........ - 4 -*

**६. क्रियाकलापहरुः यस कार्ययोजनाको उद्देश्य हासिल गर्नका लागी देहाय बमोजिमका क्रियाकलापहरु गरिने छन्ः........ - 4 -**

**७. पूर्वतयारी प्राथमिकताः ........ - 5 -**

**८. जनशक्ति परिचालनः ........ - 5 -**

**९. जिल्लामा रहेको राहत सामाग्री एवं बजेटको विवरण........ - 6 -**

**१०. निकायगत भूमिका तथा जिम्मेवारी ........ - 6 -**

**११. प्रतिकार्य योजना ........ - 8 -**

**१२. विषयगत क्षेत्रका अगुवा तथा सदस्यहरु विवरणः ........ - 8 -**

**१३. शीतलहरवाट जोखिम न्यूनिकरण गर्ने सुचना मुलक सन्देशहरुः ........ - 10 -**


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

# शीतलहर प्रतिकार्य आपतकालिन कार्य योजना, २०८२

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

## १. पृष्ठभूमि

नेपालको तराई भू-भागमा जाडोको अत्याधिक नकारात्मक असर पर्दछ । जाडो तथा शीतलहरले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ । धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पार्दछ । हाम्रो पछिल्लो अनुभवका अनुसार विशेष गरी जाडो पुष महिनादेखि मध्य माघ महिनासम्म शीतलहर हुनेगरेको पाइन्छ । शीतलहरको अवस्थामा जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म हुस्सु तथा तुवालोले ढाक्दछ सो कारण विहानमा कम दृष्यता रहन्छ र तापक्रम न्यून हुदैं जान्छ । तापक्रम १० देखि १५ डिग्री सेल्सियससम्म कम हुदै जादा हाइपोथर्मीयाका कारण मानिसहरुको मृत्यु समेत हुन पुग्दछ । जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शीतलहरबाट हरेक वर्ष श्वासप्रश्वास, रुघाखोकी, निमोनिया जस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धैरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । शीतलहरबाट पशुपन्छी, अन्नबालीमा समेत प्रतिकूल प्रभाव परी धैरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय सुरु भइसकेको छ । कञ्चनपुर जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकूलता र वातावरणमा आउने परिवर्तनबाट शीतलहरको प्रारम्भिक लक्षण देखा पर्ने समय नजीक आइसकेको छ । जाडो याममा शीतलहरको प्रकोपबाट जोखिम वढ्न नदिने र विशेष गरी बालबालिका, जेष्ठनागरिक, सुत्केरी, गर्भवती लगायतका व्यक्तिहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा उक्त जोखिमलाई न्यूनीकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुरयाउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यो आपतकालिन कार्य योजना जिल्ला विपद् व्यवस्थापन समिति कञ्चनपुरले निर्माण गरेको छ।

यस कार्ययोजनाले जिल्ला स्थित विभिन्न सरोकारवाला निकायहरु, स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहयोगी संघ संस्थाहरु तथा अन्य विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्थाहरु समेतको सहभागिता एवं समन्वयात्मक प्रयास बाट शीतलहरको समयमा प्रभावित परिवार एवं व्यक्तिहरुलाई आवश्यक सहयोग पुग्ने छ ।

## २ उद्देश्यः

शीतलहरजन्य विपद्को समयमा शीतलहर प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न कञ्चनपुर जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित र प्रभावकारी तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

क. शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गरी सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त एवं प्रभावकारी बनाउने ।

ख. विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुने पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने ।

ग. श्रोत तथा क्षमताको अपर्याप्तताको अवस्थामा समेत जिल्ला विपद व्यवस्थापन समिति ,स्थानीय तह सवै मिलि विपद् प्रतिकार्यमा संलग्न हुन समन्वय गर्ने ।

घ. आपतकालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानीय तहमा गठित स्थानीय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरु को परिचालन एवं समन्वय सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।

ङ. चिसोका कारण फैलिन सक्ने स्वास्थ्य सम्बन्धी समस्याहरु निमोनिया, उच्च रक्तचाप, दम, स्टोक लगायत बढ्न सक्ने हुँदा सोका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्ने ।




लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

## ३. प्रस्तावना

यस कार्ययोजनाले जिल्ला विपद् व्यवस्थापन समिति कञ्चनपुर र स्थानीय तहले विपद्को समयमा निर्वाह गर्नुपर्ने कार्यहरुको व्यावहारिक मार्गचित्र प्रदान गर्ने प्रयास गरेको छ । यो योजना शीतलहरको समयमा प्रयोग गरिने कुरालाई मध्यनजर गरी तयार गरिएको छ । यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा व्याख्या गरिएको छ।

**कञ्चनपुर जिल्लाको नक्सा**




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

## ४. जिल्लामा शितलहरको पृष्ठभूमि:

तराईका जिल्लाहरूमा हिउँदको महिना खासगरी मंसिर देखि माघ सम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । बालबालिका र वृद्धवृद्धा, विपन्न परिवारहरु शीतलहरको उच्च जोखिममा रहेका हुन्छन् । कञ्चनपुर जिल्लामा विगत लामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरकारी एवं गैरसरकारी संस्थाहरुले शीतलहरबाट वढि प्रभावित क्षेत्र तथा चोक-चोकमा आगो बाल्नका लागि दाउरा सहयोग गर्दै आएको छ । जिल्लामा विगत वर्षहरु देखि जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने कार्यलाई समेत निरन्तरता दिदैं आएको छ ।

## ५. कार्य सञ्चालनको सन्दर्भ

### ५.१ शीतलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरु:

भीमदत्त नगरपालिका, वेदकोट नगरपालिका, शुक्लाफाँटा नगरपालिका, कृष्णपुर नगरपालिका, पुनर्वास नगरपालिका, दोधाराचाँदनी नगरपालिका, बेलौरी नगरपालिका, बेलडाँडी गाउँपालिका तथा लालझाडी गाउँपालिका क्रमस बढी प्रभावित देखि न्यून प्रभावित क्षेत्र अनुसार राखिएको छ । प्रस्तुत तथ्याङ्क विशेष गरी बालबालिका, जेष्ठ नागरिक, सुत्केरी, गर्भवती तथा



लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

विगत वर्षहरु देखि प्रभावित परिवार लगायतलाई समेटी सम्बन्धित स्थानीय तहहरुबाट प्राप्त जानकारीको आधारमा उल्लेख गरिएको छ।

| सि.नं. | प्रभावित हुन सक्ने | |
|---|---|---|
| | **स्थान** | **अनुमानित परिवार संख्या** |
| १. | भीमदत्त नगरपालिका | १३५० |
| २. | बेदकोट नगरपालिका | १२५० |
| ३. | शुक्लाफाँटा नगरपालिका | १५५० |
| ४. | कृष्णपुर नगरपालिका | ९०० |
| ५. | बेलडाँडी गाउँपालिका | ८८० |
| ६. | पुनर्वास नगरपालिका | ८५० |
| ७. | दोधाराचाँदनी नगरपालिका | ८५० |
| ८. | बेलौरी नगरपालिका | ५०० |
| ९. | लालझाडी गाउँपालिका | ७४५ |

**५.२ पहुँच**: कञ्चनपुर जिल्लामा विगतका दिनका अनुभवहरुलाई केलाउँदा शीतलहरको समयमा एक ठाउँ देखि अर्को ठाँउसम्म जाँदा निकै कठिन हुने गरेको पाइएको छ।

क. शीतलहरको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा शीतलहरका कारण भिजिविलिटिमा कमि भई सडक दुर्घटना हुने हुँदा यातायातको साधान प्रयोग गर्दा असहज महसुस हुने गरेको छ।

ख. जाडो याममा निमोनिया, उच्च रक्तचाप, दम, स्टोक लगायतका विरामीहरुको सख्या वढ्ने सम्भावना छ।

ग. अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था देखिने गरेको छ ।

**६. क्रियाकलापहरु:** यस कार्ययोजनाको उद्देश्य हासिल गर्नका लागी देहाय बमोजिमका क्रियाकलापहरु गरिने छन्:

क. जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत क्षेत्रमा सम्वन्धित सवैले कार्ययोजना तयार पारी शीतलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने।

ख. शीतलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिने।

ग. शीतलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्वन्धमा स्थानीय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाई जोखिम न्यूनीकरण गर्नको लागी अनुरोध गर्ने।

घ. विपद्को समयमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाज विच समन्वय कायम गर्ने।

ङ. नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने।

च. शीतलहरबाट वढी प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्था DLSA को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्न लगाउने।

छ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने वुलेटिन अनुसार पुर्वतयारीका गतिविधि सन्चालनमा जोड दिने।

ज. जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धी समस्यालाई न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने।

लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

झ. शीतलहरबाट सुरक्षित रहनका लागी सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानीय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

ञ. शीतलहरका समयमा हुस्सुका कारण भिजिविलिटीमा कम हुन गइ सवारी साधन दुर्घटना हुन सक्ने हुँदा स्थानीय ट्राफिक प्रहरीको सकृयतामा सवारी साधनको गति सिमितताको अनुगमनको कार्य गर्ने ।

ट. शीतलहर तथा जाडोयाममा समयमै पुर्वसूचना समुदायस्तरमा पुर्याउन जल तथा मौसम विज्ञान विभागको बुलेटिन अनुसारको सुचना सम्प्रेषण गरि पुर्वानुमानका आधारमा गतिविधि सन्चालन गर्ने ।

ठ. जिल्ला तथा पालिकाहरूमा कपडा बैंक स्थापना तथा व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने।

ड. शीतलहरबाट प्रभावित घरधुरी तथा क्षेत्रहरु पहिचान गर्न स्थानीय तहहरुले जोखिम नक्सांकन गर्ने।

ढ. जलवायुमैत्री कृषि प्रणालीको प्रवर्द्धन गर्न आवश्यक पहल गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

**७. पूर्वतयारी प्राथमिकता:**

क. विपद्सँग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक गर्ने।

ख. सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूले जनचेतनामूलक कार्य गर्ने।

ग. सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूलाई शीतलहर पूर्वतयारीका लागि रणनीतिक योजना तयार गर्न अनुरोध गर्ने।

घ. स्थानीय तहका संकटासन्न क्षेत्रहरूको नक्साङ्कन गर्न सम्बन्धित स्थानीय तहहरूलाई अनुरोध गर्ने।

ङ. विषयगत समितिहरूको नियमित बैठक गर्ने र आवश्यकताका आधारमा खाडल पहिचान गरी सोको परिपूर्तिका लागि तत्कालै कार्यान्वयन गर्ने।

च. जिल्ला तथा पालिकाहरूमा कपडा बैंक स्थापना तथा व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने।

छ. सबै स्थानीय तह तथा सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक पर्ने दाउरा जोहो गरी राख्ने र न्यानो रहनका लागि टोल–टोलमा दाउरा बाल्ने स्थानको निर्क्यौल गरी आगो ताप्ने व्यवस्था मिलाउने।

ज. स्थानीय एफ.एम.हरू र वडा स्तरमा माइकिङमार्फत जनचेतनामूलक सामग्रीहरू प्रसारण गर्ने।

झ. जल तथा मौसम विज्ञान विभागले जारी गर्ने बुलेटिनअनुसार पूर्वतयारी गर्ने।

**८. जनशक्ति परिचालन:**

यस कार्ययोजनाको उद्देश्य हासिल गर्न एवं उल्लेखित क्रियाकलापहरु संचालन गर्न देहाय बमोजिमको सम्भावित जनशक्ति परिचालन गरिएको छ:

| क्र.स. | निकाय | जनशक्ती | स्वास्थ्यकर्मी | नगर प्रहरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ३५ | - | | |
| २ | जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर | ७४४ | - | | |
| ३ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण शैलेश्वरी | ३५० | - | | |
| ४ | नेपाली सेना, बराहदल गुल्म, भगतपुर | ३४ | ५ | | |
| ५ | भीमदत्त नगरपालिका, कञ्चनपुर | ५० | ७५ | ३० | |
| ६ | बेदकोट नगरपालिका, कञ्चनपुर | १८० | १०५ | १३ | |
| ७ | शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर | ९३ | १०४ | ९ | |
| ८ | कृष्णपुर नगरपालिका, कञ्चनपुर | ४५ | ३० | | |



लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | बेलडाँडी गाउँपालिका, कञ्चनपुर | ५० | २३ | | |
| १० | पुनर्वास नगरपालिका, कञ्चनपुर | १५ | ७२ | | |
| ११ | दोधाराचाँदनी नगरपालिका , कञ्चनपुर | ५० | १० | १५ | |
| ११ | बेलौरी नगरपालिका, कञ्चनपुर | ५० | २५ | | |
| १२ | लालझाडी गाउँपालिका, कञ्चनपुर | १२ | ६ | | |
| १३ | एन.एन.एस.डब्लु.ए.कञ्चनपुर | २३ | १८ | | |
| १४ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, कञ्चनपुर | १२ | - | | |
| १५ | निड्स नेपाल, कञ्चनपुर | ३४ | ४ | | |
| १६ | पेसवान, कञ्चनपुर | ५ | - | | |
| जम्मा | | | | | |

## ९. जिल्लामा रहेको राहत सामाग्री एवं बजेटको विवरण

| क्र.स. | निकाय | कम्बल (थान ) | म्याट/त्रिपाल (थान) | आपतकालिन कोष |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | १७० | | ३१,१०,८५६।- |
| २ | भीमदत्त नगरपालिका, कञ्चनपुर | - | १५ | २३,३७,१३३।- |
| ३ | बेदकोट नगरपालिका, कञ्चनपुर | - | - | २२,२७,८२४।- |
| ४ | शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर | - | १० | २८,००,०००।- |
| ५ | कृष्णपुर नगरपालिका, कञ्चनपुर | - | ४० | ५२,९४,६४७।- |
| ६ | बेलडाँडी गाउँपालिका, कञ्चनपुर | - | १५ | ४,००,०००।- |
| ७ | पुनर्वास नगरपालिका, कञ्चनपुर | - | - | ५५,००,०००।- |
| ८ | दोधाराचाँदनी नगरपालिका, कञ्चनपुर | - | ४० | ३०,००,०००।- |
| ९ | बेलौरी नगरपालिका, कञ्चनपुर | - | ३०० | ८२,७२,४०८।- |
| १० | लालझाडी गाउँपालिका, कञ्चनपुर | - | २० | २०,००,०००।- |
| ११ | NNSWA, कञ्चनपुर | ३४० | २००/१०० | आवश्यकता अनुसार समन्वय गरेर सहयोग गर्न सकिनेछ |
| १२ | नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, कञ्चनपुर | ५ | | आवश्यकता अनुसार समन्वय गरेर सहयोग गर्न सकिनेछ |
| १३ | निड्स नेपाल, कञ्चनपुर | - | ४००/२३० | आवश्यकता अनुसार समन्वय गरेर सहयोग गर्न सकिनेछ |
| १४ | पेसवान, कञ्चनपुर | | | आवश्यकता अनुसार समन्वय गरेर सहयोग गर्न सकिनेछ |

## १०. निकायगत भूमिका तथा जिम्मेवारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | विपद प्रतिकार्य सम्बन्धि समग्र क्रियाकलापको समन्वय एवं नेतृत्व गर्ने |



लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| २ | जिल्ला समन्वय समिति | प्रमुख /जिल्ला समन्वय अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने । स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) जुटाउन समन्वय गर्ने । |
| ३ | स्थानीय तहहरु | प्रमुख/ अध्यक्ष | आ-आफ्नो स्थानीय तहमा शीतलहर प्रभावितलाई सहयोग पुऱ्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने। विषयगत क्षेत्रसंग समन्वय गर्ने । श्रोत साधन व्यवस्था गर्ने ।तथ्यांक संकलन तथा व्यवस्थापन । |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | सुरक्षा व्यवस्था गर्ने, उद्धार गर्ने, विषयगत समितिमा रहि सहयोग गर्ने । |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | विपद् प्रतिकार्यमा समन्वय गर्ने, स्रोत संकलनमा सहयोग गर्ने, जनपरिचालन गर्ने, जनचेतना अभिवृद्धिमा सहयोग पुऱ्याउने । |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | फोकल पर्सन | सूचना संकलन, समन्वय, संप्रेशण तथ्यांक ब्यवस्थापन |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय (DLSA) | स्रोत केन्द्र प्रमुख | श्रोत उपलब्धताका लागी राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ/संस्था तथा सरोकारवालासँग समन्वय गर्ने । |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | राहत खाद्यसामाग्री तथा अस्थाई आवास व्यवस्थापन आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने । |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने। आ-आफ्नो क्षेत्रको आपत्कालिन योजना निर्माण गरी कार्यान्वयन गर्ने । |
| १० | उद्योग वाणिज्य संघ/व्यापार संघ | अध्यक्ष | न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ११ | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | शीतलहर सम्बन्धी सूचना संकलन तथा सम्प्रेषण, सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| १३ | नागरिक समाज | संयोजक | राहत कार्यमा सहयोग तथा समन्वय |
| १४ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १५ | गै.स.स.महासंघ/ राष्ट्रिय तथा | प्रमुख/प्रतिनिधिहरु | मानवस्रोत परिचालन गर्ने ।स्रोत संकलनमा सहयोग गर्ने । गै.स.स. वीच समन्वय ।क्षमता विकास तथा सहजिकरण कार्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर



लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | अन्तराष्ट्रिय गै.स.स. | | गर्ने । राहत सामाग्रीहरु संकलनमा सहयोग गर्ने |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कञ्चनपुर

## ११. प्रतिकार्य योजना

| सि.नं. | क्रियाकलाप | कसले गर्ने | कार्य क्षेत्र/स्थान |
|---|---|---|---|
| १ | कपडा बैंक स्थापना, न्यानो कपडा तथा पोषिलो खाद्यवस्तु व्यवस्थापन | स्थानीय तहहरु, उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडा व्यवस्थापन, कम्मल लगायतका न्यानो लुगा व्यवस्थापन | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा व्यवस्थापन | स्थानीय तहहरु , शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समितिहरु, मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती व्यवस्थापन समिति | चोक तथा घना बस्तीको पायक पर्ने स्थान |
| ३ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद व्यवस्थापन समिति, सुरक्षा निकाय,नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा/उपशाखाहरु र उद्योग वाणिज्य संघहरु, गैर सरकारी संघ संस्थाहरु | शीतलहर प्रभावित क्षेत्रमा |
| ४ | एम्वुलेन्स सेवा | स्थानीय तहहरु, एम्बुलेन्स संचालक संघ संस्थाहरु तथा समितिहरु | जिल्लाभर(आवश्यकता अनुसार) |
| ५ | स्वास्थ्य शिविर | महाकाली प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरु र अन्य स्वास्थ्य सेवा प्रदायक संघसस्था | प्रभावित क्षेत्रमा |
| ६ | शीतलहर सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, स्थानीय तहहरु, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, गैर सरकारी संघ संस्थाहरु | जिल्लाभर |
| ७ | सूचना व्यवस्थापन | जिल्ला/स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्लाभर |

## १२. विषयगत क्षेत्रका अगुवा तथा सदस्यहरु विवरणः

| विषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति,<br>नेपाली सेना,<br>नेपाल प्रहरी,सशस्त्र प्रहरी वल नेपाल,<br>नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम<br>स्थानीय एफ.एम., पत्रपत्रिका,<br>नेपाल पत्रकार महासंघ,<br>राष्ट्रिय अनुसन्धान । |



प्रशासन कार्यालय कञ्चनपुर

लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

| विषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना,<br>सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, स्थानीय तहहरु,<br>नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,<br>शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, कञ्चनपुर। |
| ३) गैर खाद्य सामग्री र शिविर ब्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ,धनगढी र नेपाल रेडक्रस, कञ्चनपुर शाखा | सामुदायिक वन उपभोक्ता महासघ,<br>सुरक्षा निकाय, डिभिजन वन कार्यालय। | DEOC, स्थानीय विपद् ब्यवस्थापन समिति (प्राविधिक शाखा, शिक्षा शाखा),<br>उद्योग व्यापार संघ,<br>गैसस महासंघ,<br>निड्स नेपाल,<br>एन.एन.एस.डब्लु.ए.। |
| ४) खाद्य तथा गोदाम व्यवस्थापन | कृषि ज्ञान केन्द्र, | स्थानीय विपद् ब्यवस्थापन समिति,<br>स्थानीय तहका कृषि शाखाहरु,<br>नेपाल प्रहरी,<br>जिल्ला समन्वय समिति | खाद्य व्यापार तथा,<br>गैसस महासंघ,<br>जिल्ला खाद्य अधिकार संजाल,<br>उद्योग वाणिज्य संघ, |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय कञ्चनपुर। | नेपाल रेडक्रस सोसाइटी, | एन.एन.एस.डब्लु.ए. कंचनपुर<br>निड्स नेपाल |
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह (सबै),<br>नेपाल प्रहरी,<br>नेपाल रेडक्रस सोसाइटी, | माइती नेपाल, साथी संस्था<br>एन.एन.एस.डब्लु.ए. कंचनपुर<br>निड्स नेपाल। |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | महाकाली प्रादेशिक अस्पताल,<br>आयुर्बेद अस्पताल, कञ्चनपुर,<br>स्थानीय तह (स्वास्थ्य शाखा ),<br>नेपाल रेडक्रस सोसाइटी, | सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु,<br>सामुदायिक स्वास्थ्य केन्द्रहरु,<br>औषधि व्यवसायी संघ<br>एन.एन.एस.डब्लु.ए., पेसवान |
| ८) आपत्कालिन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | जिल्ला समन्वय समिति,<br>सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा विकास शाखाहरु | सम्बन्धित क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरु। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर



लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी

| विषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| ९) पुनःस्थापना तथा पुनःनिर्माण | संघीय शहरी विकास तथा भवन निमार्ण कार्यालय, कैलाली । | डिभिजन वन कार्यालय,<br>खानेपानी तथा ढल व्य.आयोजना<br>नेपाल विद्युत प्राधिकरण,<br>स्थानीय तह (प्राविधिक शाखा ) | सा.वन उपभोक्ता समितिहरु, नेपाल टेलिकम,<br>जिल्लामा कार्यरत गैससहरु,<br>नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कार्यालय |

**१३. शीतलहरको असरबाट बच्न अपनाउनुपर्ने उपायहरू (सन्देशमूलक सूचना- स्रोत : NDRRMA)**

निम्नानुसारका सन्देशमूलक सूचना सामग्रीहरू सञ्चार माध्यमबाट प्रसारण गरिने छ:

१. जाडोयामको लागि समयमै न्यानो कपडाको जोहो गरौँ।

२. शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबसौँ।

३. रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौँ र सुत्दा शरीरको सबै भाग—विशेष गरी छाती तथा टाउको अनिवार्य रूपमा ढाकिने व्यवस्था मिलाऔँ।

४. शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखौँ, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔँ।

५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा तथा पर्याप्त मात्रामा तातो, झोलिला खानेकुरा खानुहोस्।

६. चिसो मौसममा इन्फ्लुएन्जा, निमोनिया लगायतका संक्रमण बढी हुने भएकाले स्वास्थ्य मापदण्डहरू अपनाऔँ।

७. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाऔँ।

८. बालबालिकाहरूलाई न्यानो अवस्थामा राखौँ।

९. शितलहर चलेको बेलामा घरेलु पशुपक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलगौँ, गोठ वा टहरामै राखी पर्याप्त घाँस, पराल र दाना दिऔँ।

१०. चिसोको कारण बिरामी भएमा नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि लैजाऔँ।

११. चिसोका कारण पशुपक्षी बिरामी भएमा नजिकको पशु चिकित्सालयमा तुरुन्त सम्पर्क गरी आवश्यक उपचार गराऔँ।

१२. कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔँ।

१३. तातो बनाउने विद्युतीय सामग्री (हिटर, पानी तताउने उपकरण आदि) प्रयोग गर्दा झ्याल–ढोका खुला राखी पर्याप्त अक्सिजन आवतजावत सुनिश्चित गरौँ र यस्ता सामग्रीहरू लामो समय लगातार प्रयोग नगर्नुहोस्।

१४. शीतलहरको समयमा सवारी साधन चलाउँदा पर्याप्त सतर्कता अपनाऔँ।

१५. हुस्सु लागेको समयमा दृश्यता कम हुँदा अगाडि आएको सवारी साधन नदेखिने सम्भावना रहने भएकाले यस्तो समयमा सवारी साधन नचलाऔँ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

लक्ष्मण ढकाल
प्रमुख जिल्ला अधिकारी